

के तपाईंको घर पा(
नीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing
ले गर्ने छ । १००% ग्यारेन्टीका साथ
समस्यको समाधान ।
सम्पर्क: प्रगति ट्रेड कन्सर्न
रानीपौवा, पोखरा-११ (रन्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रू. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २४ ❑ अङ्क २०२ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८० साउन १९ गते शुक्रबार ❑ 4 Aug. 2023 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।–


## मौद्रिक नीतिले उत्साहित नबनाएको निजी क्षेत्रको टिप्पणी

पोखरापत्र संवाददाता
पोखरा, १८ साउन

नेपाल राष्ट्र बैंकका पूर्वगभर्नर डाक्टर दीपेन्द्रबहादुर क्षेत्रीले चालु आर्थिक वर्ष आर्थिक वर्ष २०८०/०८१ मा मुद्रास्फिति झन बढ्ने सम्भावना रहेको बताएका छन् । चालु आर्थिक वर्षको मौद्रिक नीतिले मुद्रास्फिति ६.५ प्रतिशतमा कायम राख्ने बताए पनि त्यो असम्भव रहेको उनको भनाइ छ। 'अहिले नै ८ प्रतिशतको हाराहारीमा छ, त्यो ६.५ प्रतिशत कायम हुँदैन,'उनले भने ।

राष्ट्रिय योजना आयोगका पूर्वउपाध्यक्षसमेत रहेका क्षेत्रीले भूकम्पपछिको जस्तै आर्थिक गतिविधि बढ्ने र लक्ष्य प्राप्ति हुने बताए । उनी नेपाल अडिटर्स एसोसियसन (अडान) गण्डकी तथा कास्कीले १८ औं स्थापना दिवसको अवसर पारेर पोखरा उद्योग वाणिज्य संघसँगको सहकार्यमा बिहीबार पोखरामा आयोजना गरेको मौद्रिक नीतिको लक्ष्य,कार्यदिशा,आर्थिक समस्या तथा कर कानूनका संशोधित व्यवस्थाबारेको कार्यशालामा बोल्दै थिए ।

उनले सरकारले बजेट सही कार्यदिशा लिन नसकेको र अर्थतन्त्र सुधारका सबै विषय मौद्रिक नीतिमाथि थोपरिदिएको पनि बताए ।'हाम्रा ठूलाबढाले हामीले केही गर्न नसक्ने भयौं भनेर सबै मौद्रिक नीतिमाथि छाडिदिएको हो,'उनको टिप्पणी थियो । उनले चालु आर्थिक वर्षमा लक्ष्य अनुसारको ६.५ प्रतिशत आर्थिक वृद्धिदर हुने दाबी भने गरे। अर्थतन्त्र बलियो भएर नभइ आधार कमजोर भएकाले सो लक्ष्य प्राप्ति हुने उनको जिकिर छ। उनले अहिले राज्य र व्यवासायी दुबैमाथि विश्वास गर्न नसक्ने स्थिति आएको पनि बताए।



कार्यक्रममा बोल्दै नेपाल उद्योग वाणिज्य महासंघका पूर्वअध्यक्ष आनन्दराज मुल्मीले चाहिँ प्रक्षेपित ६.५ प्रतिशतको आर्थिक वृद्धिदर सम्भव नभएको बताए । उनले मौद्रिक नीतिले घोषणा गरेको वृद्धिदरको लागि आवश्यक पर्ने लगानी गर्ने सामर्थ्य नै सरकारसँग नभएको तर्क गरे । नेपालले सोचेजस्तो आर्थिक समृद्धि हासिल गर्न नसक्नुमा राज्य संयन्त्रको कमजोरी तथा सदाचारको अभाव भएको उनको भनाइ थियो। नेपालमा अनौपचारिक अर्थतन्त्र मौलाउँदै गएको औंल्याउँदै उनले भने,'नेपालको ५३ सय ८१ अर्बको कुल ग्राहस्थ उत्पादनमध्ये २२ अर्बको कर असुली भएको छैन,'उनले भने,'त्यो भनेको कालोधन हो,हामीलाई खराब अर्थतन्त्रले गाँज्दैछ ।' उनले बैंक तथा वित्तीय संस्थाबाट ऋण लिनेमध्ये ९० प्रतिशत ठूला व्यवसायी भएको तथ्य उल्लेख गर्दै थपे,'राज्यबाट घोषित सुविधा ठूला भनाउँदाहरुले मात्र लिएका छन्, साना र मझौला व्यवसायीहरुलाई आफ्नो व्यवसाय धान्नै कठीन हुनु राम्रो हैन ।' उनले बैंकहरुको सिण्डिकेट अन्त्य हुनुपर्ने पनि बताए।

अर्थशास्त्री प्राध्यापक डाक्टर लेखनाथ भट्टराईले सरकारको आर्थिकनीतिमाभन्दा मौद्रिक नीतिमा ध्यान दिनुपर्ने अवस्था राम्रो नभएको बताए । सरकारले लिने आर्थिक नीतिको कार्यान्वयन गर्ने मौद्रिक नीति अहिलेको हकमा सन्तुलित नै भएको उनको भनाइ थियो। नेपालमा गैरव्यावसायिक गतिविधि बढ्दै गएकाले पनि कसिलो मौद्रिक नीति चाहिने उनको तर्क थियो । उनले लघुवित्तबारे मौद्रिक नीतिले स्पष्ट धारणा नल्याएको पनि बताए ।' लघुवित्तहरु मिटरब्याजीभन्दा बढी खराब देखिएका छन्, यसबारे ठोस कुरा आएन,'उनले थपे ।

नाडाका अध्यक्ष ध्रुव थापाले कोभिड १९ का बेला साह्रै खुला र पछिल्लो समय साह्रै कसिलो मौद्रिक नीति आउँदा समस्या परेको बताए । उनले चालु कर्जा निर्देशिकाले क्षेत्रगत रुपमा कहाँ कति सीमा राख्ने भन्नेबारे स्पष्ट व्यवस्था गर्नुपर्ने माग गरे।

नेपाल राष्ट्र बैंक पोखराकी प्रमुख आर्या जोशीले अर्थतन्त्रलाई सही दिशा दिनु नै मौद्रिक नीतिको लक्ष्य भएको बताउँदै अहिलेको नीतिको समीक्षा हुँदै जाने बताइन् ।

सो अवसरमा कार्यपत्र प्रस्तुत गर्दै नेपाल राष्ट्र बैंक पोखराकी

बाँकी अन्तिम पृष्ठमा ▶▶

## कास्कीमा १८ हजार २४ पशुलाई लम्पी स्किन सङ्क्रमण

पोखरापत्र संवाददाता
पोखरा, १८ साउन

कास्की जिल्लामा हालसम्म १८ हजार २४ पशुलाई लम्पी स्किन रोगको सङ्क्रमण देखिएको छ।

तीमध्ये तीन हजार सात सय ७६ बाच्छाबाच्छी, १२ हजार दुई सय ७८ गाई, एक हजार सात सय २८ गोरु, १४८ भैंसी, ८० पाडापाडी र १४ वटा राँगोमा सङ्क्रमण देखिएको भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रका प्रमुख शम्भु पाण्डेले जानकारी दिनुभयो ।



सङ्क्रमणबाट हालसम्म छ सय १९ पशुबस्तु मरेको बताउँदै उहाँले सबैभन्दा बढी सङ्क्रमण गाईमा हुने गरेको जानकारी दिनुभयो । जिल्लामा हालसम्म १६ हजार तीन सय ५४ पशुलाई लम्पी स्किन विरुद्धको खोप दिइएको छ । प्रमुख पाण्डेका अनुसार यो रोग विशेषतः गाई, गोरु, राँगाभैंसी, पाडापाडी र बाच्छबाच्छीमा लाग्छ। पछिल्ला समयमा जिल्लामा लम्पी स्किन रोगको सङ्क्रण घट्दो क्रममा रहेको प्रमुख पाण्डेले जानकारी दिनुभयो।

## मुलुकको विकासका लागि भ्रष्टाचार र दण्डहीनताको अन्त्य हुनुपर्छ : नेता डा कोइराला

रासस
काठमाडौं, १८ साउन

नेपाली कांग्रेसका नेता डा शेखर कोइरालाले मुलुकको विकासका लागि भ्रष्टाचार र दण्डहीनताको अन्त्य हुनुपर्ने बताउनुभएको छ।

नेपाल प्रेस युनियन काठमाडौं शाखाले बिहीबार यहाँ आयोजना गरेको नवौं जिल्ला अधिवेशनबाट निर्वाचित पदाधिकारी तथा सदस्यलाई 'प्रमाणपत्र वितरण तथा पदस्थापन' कार्यक्रममा उहाँले भ्रष्टाचार र दण्डहीनताको अन्त्य गर्दै सुशासन कायम गर्न सके मुलुकको विकास हुने बताउनुभयो।

"देशमा अराजकता र दण्डहीनता बढिरहेको छ", उहाँले भन्नुभयो । नेता डा कोइरालाले प्रहरीलाई बाहिर राखेर राजस्व अनुसन्धान विभागलाई मात्र संलग्न गराई सुन तस्करी प्रकरणको अनुसन्धान गर्नुले आम जनमानसमा आशङ्का उब्जिएको बताउनुभयो । उहाँले प्रहरीलाई अनुसन्धानमा संलग्न नगराई राजस्व अनुसन्धान विभाग मात्रै संलग्न गराउनुको कारण सञ्चारमाध्यमले खोज्नुपर्ने उल्लेख गर्नुभयो। भुटानी शरणार्थी र ललिता निवास जग्गा प्रकरण अहिले सुन प्रकरणपछि सेलाएको नेता कोइरालाको भनाइ थियो।

नेपाल प्रेस युनियनका केन्द्रीय अध्यक्ष शिव लम्सालले प्रेस युनियनलाई चलायमान बनाउँदै श्रमजीवी पत्रकारको मुद्दा समाधानमा वर्तमान केन्द्रीय समिति लागिपरेको बताउनुभयो । उहाँले प्रेस युनियनले २०८० साललाई प्रशिक्षण वर्ष घोषणा गरेकाले यसलाई सफल बनाउन सबै लाग्नुपर्ने बताउनुभयो । नेपाल ट्रेड युनियन कांग्रेसका केन्द्रीय महासचिव अजयकुमार राईले श्रमजीवी पत्रकारका मुद्दामा लड्न नेपाल ट्रेड युनियन कांग्रेस प्रेस युनियनसँगै रहेको बताउनुभयो। उहाँले न्यूनतम पारिश्रमिक निर्धारण समितिले तोकेको तलबसमेत पत्रकारले नपाएको उल्लेख गर्दै न्यूनतम पारिश्रमिक निर्धारणका लागि नेपाल ट्रेड युनियन कांग्रेस लाग्ने स्पष्ट पार्नुभयो । नेपाल प्रेस युनियनका उपाध्यक्षद्धय नकुल अर्याल र जीवन भण्डारी, महासचिव दिलीप पौडेल, पूर्ववरिष्ठ उपाध्यक्ष दामोदरप्रसाद दबाडी, उपत्यका प्रतिष्ठान प्रदेशका अध्यक्ष लीलाराज खनालसगायतले अर्को वर्ष हुने नेपाल पत्रकार महासङ्घको निर्वाचनमा नेपाल प्रेस युनियनका उम्मेदवारलाई विजयी गर्ने गरी युनियनलाई बलियो बनाएर अगाडि बढ्नुपर्ने बताउनुभयो। नेपाल प्रेस युनियन काठमाडौंका निवर्तमान कार्यवाहक अध्यक्ष अच्युत रेग्मीले पछिल्लो समय सञ्चारमाध्याम बढ्दै गएको र सञ्चारमाध्यममा कार्यरत पत्रकारलाई पारिश्रमिक नदिएको गुनासो बढेकाले प्रेस युनियनले उक्त समस्या समाधानका लागि पहल गर्नुपर्ने बताउनुभयो।

## सामुदायिक वनबाट समृद्धि खोज्दै घार्मीको बस्ती

पोखरापत्र संवाददाता
पोखरा, १८ साउन

पोखरा महानगरपालिका -१९ घार्मीका दलित समुदाय सामुदायिक वनबाट प्राप्त स्रोत उपयोग गर्दै समृद्धिको अभियानमा जुटेका छन् ।

कास्कीको दलितमात्र उपभोक्ता रहेको भूमीपुज्ने तीसढुङ्गे सामुदायिक वन उपभोक्ता समूह प्राकृतिक स्रोत उपयोगको अधिकारसँगै समृद्धिको अभियानमा जुटेको हो । घरसँगै जोडिएको वन पैदावार उपयोगबाट बञ्चित हुँदा जीविकोपार्जनमा विगतदेखि समस्या झेल्दै आए पनि उपभोक्ताको अथक सङ्घर्षले अधिकार प्राप्त गर्न सफल भएको समूहका पूर्वअध्यक्ष मुक्तिबहादुर सुनारले सुनाउनुभयो ।

उहाँका अनुसार सिङ्गो दलितबस्तीको सङ्गठित आवाजले सार्थकता पाउँदा प्राकृतिक स्रोत संरक्षण, प्रबर्द्धन र उपयोगको अधिकार प्राप्त भएको हो । वन समूह भूमि पुज्ने कृषि सहकारी संस्थाको माध्यमबाट समृद्धिको अभियानमा जुटेको उहाँको भनाइ छ। "पहिले ग्यासको सिलिण्डर र विद्युत् को सुविधा थिएन, वन पैदावार जस्ता प्राकृतिक स्रोतमा दलितको अधिकार निकै कम थियो", उहाँले भन्नुभयो, "उपल्लो जातिका समुदायको आँखा छल्दै दाउरा ल्याएर जीविकोपार्जन गर्नुपर्ने दलित बस्तीको बाध्यता थियो ।"


सुनारले अधिकार प्राप्तिको लडाइँमा धेरै पटक पिटाइ खाएको र मुद्दा मामिला बेहोर्दै प्रहरी हिरासतमा समेत बस्नु परेको दुखेसो सुनाउनुभयो । उहाँले सामुदायिक वनको अवधारणाले आसपासका बासिन्दालाई संरक्षणको अधिकार दिएपछि २०५१ सालदेखि भने सहजरुपमा वन पैदावारको उपयोग गर्दै गर्न पाएको उहाँको भनाइ छ। "खाना पकाउन र वस्तुभाउलाई कुँडो र घाँससमेतका लागि जङ्गल छिर्न नपाउँदा प्राकृतिक स्रोत उपयोगका क्रममा अन्य समूहसँग झगडा भइरहन्थ्यो", रासससँगको कुराकानीमा ७० वर्षीय मनकुमारी सुनारले विगत सम्झनुभयो । पहिले वन पैदावारको उपयोग गर्ने र गर्न नपाउनेका बीचमा पटक-पटक विवाद हुँदा हात हालाहालको अवस्था सिर्जना हुने गरेको उहाँको भनाइ छ ।

प्राकृतिक स्रोतका उपयोगका लागि लड्दै गर्दा कपडा च्यात्तिनु सामान्य भएको उहाँको भनाइ छ । "अहिले सबैको सहयोगले अधिकार प्राप्त भएपछि हामी सबै वनको विकासमा लागेका छौँ", उहाँले भन्नुभयो, "उपयोगमा पनि अहिले कुनै बाधा छैन ।"सामुदायिक वन समूहका अध्यक्ष मनबहादुर सुनाराका अनुसार साढे सात हेक्टरमा फैलिएको सामुदायिक वनमा हाल ८० घर परिवार आश्रित उपभोक्ता छन्। "पछिल्लो अवस्थामा अन्यत्र कुनैपनि सामुदायिक वन समूहमा उपभोक्ता नभएका तीन घर भुजेल परिवारलाई उपभोक्तामा समावेश गरेका छौँ", उहाँले भन्नुभयो । कटुस, चिलाउने, तिदुलगायतका बोटबिरुवा रहेको उक्त वनमा उपभोक्ता समूहको सक्रियतामा चाँप, डालेघाँस, तेजपात, अलैंची जस्ता आयआर्जनका बिरुवा रोपिएको उहाँको भनाइ छ । कटुसका पातबाट दुनाटपरी बनाइ बिक्री गर्न पाए प्लास्टिकलाई बिस्तापित गर्दै आयआर्जमा समेत टेवा पुग्नेमा उहाँले विश्वास व्यक्त गर्नुभयो। लामो समयदेखि वनको संरक्षण, सम्वर्द्धन गर्दै आएका उपभोक्ताले वनबाट समृद्धि सम्भव छ भन्ने विश्वासका साथ काम गरिरहेको सुनारको भनाइ छ ।

सर्वसुलभ नीतिको अभावमा वनमा हुर्केका रुख उपयोग र बिक्री वितरण गर्न नसकिएको भन्दै उहाँले गुनासो गर्नुभयो । पछिल्लो समय सामुदायिक वन समूहको कोषमा रु १२ लाख सङ्कलन भएको उहाँले जानकारी दिनुभयो । उहाँले वनमा आधारित उद्यम सञ्चालन एवम् कृषि उत्पादनसँग जोडिएर थप आयआर्जन गर्ने लक्ष्य लिइएको बताउनुभयो। सहकारीमा हाल ७० सदस्य हुनुहुन्छ। जसले न्यूनतम दुई हजारदेखि ३० हजारसम्म शेयर लगानी गर्नुभएको छ । घार्मीलाई बेसारको हव बनाउने लक्ष्यका साथ सहकारीमार्फत पहिलो पटक तीन रोपनी जग्गामा सामूहिक बेसार खेती सुरु गरिएको बताउँदै उहाँले थप्नुभयो, "सहकारीले समूहगतरुपमा बाख्रापालन,कुखुरापालनरतरकारी खेतीमा लगानी गर्दै आएको छ।"

सामुदायिक वन उपभोक्ता महासङ्घ नेपालका निवर्तमान अध्यक्ष एवम् वागमती प्रदेशसभा सदस्य भारती पाठकका अनुसार प्राकृतिक स्रोतमाथि आदिवासी जनजाती र विपन्न वर्गको अधिकार स्थापित गर्ने पहिलो संस्था महासङ्घ भएको दाबी गर्नुभयो । "मुलुकलाई काठमा आत्मनिर्भर बनाउने हो भने प्रत्येक वर्ष काठ तथा काठजन्य सामग्री आयातमा हुने गरेको ठूलो रकम बचत हुनुका साथै हजारौंको सङ्ख्यामा रोजगारी सिर्जना गर्न सकिन्छ", उहाँले भन्नुभयो । कास्कीमा दलित समुदायमात्र उपभोक्ता रहेको एकमात्र भूमि पुज्ने तीसढुङ्गे सामुदायिक वन समूहले अब्राहम कञ्जरभेसन अवार्ड प्राप्त प्राप्त गरेको छ। वन, वातावरण तथा वन्यजन्तुको संरक्षण गरेबापत समूहलाई रु ५० हजार नगदसहित सम्मानपत्रसहित सम्मान गरिएको हो। "वनले यति ठूलो पुरस्कार प्राप्त गरेको खबर पाउँदा निकै खुसी लागेको छ", सुनारले भन्नुभयो, "उपभोक्ताको घरघरमा पुगेर हर्षका आँशु बगाउँदै खुसीयाली साटासाट गरेको आजै हो जस्ता लाग्दछ।"


सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद,
पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी
कामका लागि हामीलाई सम्झनुहोस् ।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# सेवाग्राहीको चाप, कर्मचारी अभाव

**पोखरापत्र संवाददाता**
पोखरा, १८ साउन



दैनिक सरदर दुई हजार सेवाग्राही आउने कास्कीस्थित यातायात व्यवस्था कार्यालय (सवारी चालक अनुमतिपत्र) २१ कर्मचारीका भरमा चलेको छ। सोही कार्यालयको सवारीतर्फ ३४ कर्मचारीको दरबन्दी रहेकामा आधा मात्र कर्मचारी छन्।

यातायात व्यवस्था कार्यालय कास्कीसहित बागलुङ, तनहुँ र नवपुलरमा पनि जनशक्ति अभाव देखिएको कार्यालयका प्रमुख जीतेन्द्रजङ्ग केसीले जानकारी दिनुभयो। सेवाग्राहीको बढी चाप हुने कार्यालयमा कर्मचारीको अभाव हुँदा सेवा प्रवाहमा समस्या हुने गरेको उहाँको भनाइ थियो।

अस्थायी कर्मचारीको करार अवधि गत असार मसान्तमा सकिएपछि समस्या निम्तिएको केसीले बताउनुभयो। उहाँका अनुसार करार सेवामा कर्मचारी नियुक्त गर्ने विषयमा प्रदेश सरकारले अहिलेसम्म निर्णय नगर्दा अन्योलता सिर्जना भएको छ।

"एक त दरबन्दी अनुसार कर्मचारीको पदपूर्ति हुन सकेको छैन, अर्कातर्फ अस्थायी कर्मचारीको पनि करार थप भएको छैन", प्रमुख केसीले भन्नुभयो, "यही अवस्था रहिरहे सेवा प्रवाहमा समस्या आउन सक्छ।" पटक-पटक माग गर्दा पनि प्रदेश सरकारले कर्मचारीको प्रबन्ध गर्न नसकेको उहाँले गुनासो गर्नुभयो। थप पाँच/छ जना खरिदार तथा सुब्बासरहका कर्मचारी र केही कार्यालय सहयोगी भए सेवा प्रवाहमा सहजता थपिने प्रमुख केसीले उल्लेख गर्नुभयो। "हामीले धेरै माग गरेका छैनौं, पाँच/छ कर्मचारी सरुवा गरेर पठाइदिनुस् भनेका छौं, तर अहिलेसम्म कुनै सुनुवाइ भएको छैन", उहाँले भन्नुभयो।

सवारीतर्फका कार्यालय प्रमुख डिल्ली रिजालले कर्मचारी अभावका कारण कार्यसम्पादन प्रभावकारी हुन नसकेको बताउनुभयो। "यातायात कार्यालय सेवाग्राहीको चाप हुने ठाउँ हो, प्रदेश सरकारले यसतर्फ विशेष ध्यान दिएर कर्मचारीको उचित व्यवस्थापन गर्नुपर्छ", उहाँले भन्नुभयो, "अस्थायी/करारमा कर्मचारी नियुक्त गर्ने विषयमा छिटो निर्णय गरेमा सहज हुने थियो।"

प्रमुख रिजालका अनुसार यहाँ दैनिक सातदेखि आठ सय सेवाग्राही दैनिक आउने गरेका छन्। एक वर्षमा एक लाख ९० हजार बढीले सेवा लिएका कार्यालयले जनाएको छ। "चैत र असार मसान्तको समयमा दैनिक दुई हजार पाँच सयदेखि तीन हजारले सेवा दिएको तथ्याङ्क छ", उहाँले भन्नुभयो।

बागलुङस्थित यातायात व्यवस्था कार्यालयका प्रमुख पार सिँह थापाले कर्मचारी अभावका कारण अतिरक्त समयमासमेत सेवा दिने गरिएको बताउनुभयो। उहाँका अनुसार कार्यालयमा रहेका चार अस्थायी कर्मचारीको करार अवधि सकिएपछि नयाँ नियुक्ती हुन सकेको छैन। अहिले १९ जनाको दरबन्दी रहेकामा १२ कर्मचारी कार्यरत रहेका उहाँले जानकारी दिनुभयो।

"चारपाङ्गे सवारी चालक अनुमतिपत्रको परीक्षा पनि बागलुङबाटै सञ्चालन गर्ने तयारी भइरहेको छ", थापाले भन्नुभयो, "सेवा थप भएसँगै कर्मचारी पनि थप गर्नुपर्ने हुन्छ।" उहाँका अनुसार अहिले दैनिक तीन सय सेवाग्राही आउने गरेका छन्। गण्डकी प्रदेशअन्तर्गत भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालयका प्रवक्ता टीकाराम पौडेलले यातायात कार्यालयमा कर्मचारी अभाव रहे पनि सेवा नरोकिएको बताउनुभयो। "दरबन्दी अनुसार कर्मचारी नहुँदा सेवा प्रवाहमा केही कठिनाई भएको छ। कर्मचारीको नियुक्ती र पदस्थापनको काम मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयले गर्ने हो", उहाँले भन्नुभयो, "अस्थायी नियुक्ती पनि प्रक्रियामा छ, निर्णय भएर आइसकेको छैन।" प्रवक्ता पौडेलले मन्त्रालयअन्तर्गतका कार्यालय र निकायमा दरबन्दी अनुसार कर्मचारी पदपूर्तिका लागि पहल भइरहेको जानकारी दिनुभयो। उहाँका अनुसार न्यून जनशक्ति हुँदा पनि कास्कीस्थित यातायात व्यवस्था कार्यालय (सवारी चालक अनुमतिपत्र)ले बिहानी सेवा पनि दिइरहेको छ।

राजस्व, बायोमेट्रिक, लाइसेन्सको लिखित र प्रयोगात्मक परीक्षा बिहान ८ बजेदेखि सुरु हुने कार्यालयका सूचना अधिकारी भेषराज अधिकारीले जानकारी दिनुभयो। दिउँसोमा सेवाग्राहीको चाप थेगिनसक्नु भएपछि कार्यालयले बिहानैदेखि सेवा दिन थालेको उहाँको भनाइ थियो। उहाँका अनुसार करिब ३० प्रतिशत सेवाग्राहीले दस बजेअघि नै सेवा लिइसक्छन्। घण्टौं लाममा बस्नुपर्ने स्थिति हटेको छ। राजस्व बुझाउनेदेखि 'लाइसेन्स'को प्रयोगात्मक परीक्षा 'ट्रायल' सम्मका सेवा बिहानैदेखि सुरु गरिएको सूचना अधिकारी अधिकारीले बताउनुभयो। "बिहान ८ बजेदेखि सेवामा जुटिसक्छौं, कार्यालय खुल्दा बाहिर सेवाग्राहीको चहलपहल बढीसक्छ", उहाँले भन्नुभयो, "पहिले १० बजे कार्यालय खुल्दा १२ बजेसम्म सेवाग्राहीको धेरै चाप हुन्थ्यो, अहिले १० बजे करिब ३० प्रतिशत काम भइसक्छ।" कार्यालयले लाइसेन्स नवीकरणका लागि अनलाइन भुक्तानी सेवा पनि सुरु जानकारी दिँदै प्रवक्ता पौडेलले यातायात कार्यालयको छवि सुधार्ने गरी व्यवस्थापकीय सुधारदेखि सेवामा स्तरीकरणको पहल थालिएको बताउनुभयो।

# न्युरोडमा वृक्षरोपण

**पोखरापत्र संवाददाता**
पोखरा, १८ साउन



ग्रिन पोखरा, क्लीन पोखरा भन्ने मूलनारालाई सार्थक बनाउन पोखरा महानगरपालिका वडा ९ न्यूरोडस्थित बुटिक चौतारामा वृक्षरोपण गरिएको छ।

झण्डै ४२ बुटिक चौतारामा गोल्डेन धुपी, सल्लो रोपिएको हो।

महानगर प्रमुख धनराज आचार्यले वृक्षरोपण गर्दै कार्यक्रम उद्घाटन गर्नुभएको हो। नयाँ सडक टोल विकास संस्थाको अगुवाइमा संस्थाका कावा अध्यक्ष मनोहर श्रेष्ठ, सचिव कृष्ण मर्सानी, पोखरा ९ वडाध्यक्ष दीपेन्द्र मर्सानी, महानगर प्रवक्ता मोती तिम्सिना, वरिष्ठ पत्रकार नारायण कार्की, रमेश पौडेल लगायत नयाँ सडक टोल विकास संस्थाका पदाधिकारी तथा सदस्यले समेत वृक्षरोपण गर्नुभएको थियो।

कार्यक्रममा महानगर प्रमुख आचार्यले महानगरलाई सफा राख्ने कार्य महानगरको मात्र नभई सम्पूर्ण नगरबासीको पनि दायित्व रहेको बताउनुभयो।

वृक्षरोपण चिप्लेढुंगादेखि नगरपालिकाकार्यालयसम्मगरिएको थियो। वडा ९ को करिब ७ लाख र स्थानीयको जनसहभागिता गरी कुल १० लाखमा बुटिक चौतारा निर्माण गरिएको थियो।

# मौद्रिक

सह निर्देशक नविना ढकालले अर्थतन्त्रमा पछिल्लो समय सुधार हुँदै गएको दृष्टान्तमात्र प्रस्तुत गरिनन्, अर्थतन्त्रमा भएको समस्याहरु पनि केलाइन्। कमजोर उत्पादन क्षमता,आर्थिक वृद्धिमा देखिएको सिथिलता,उच्च व्यपार घाटा,सीमित विदेशी विनियम क्षेत्र,सुस्त आर्थिक वृद्धिदर,अर्थतन्त्रमा उद्योगको योगदान कम,सरकारी खर्च गर्ने क्षमता नबढ्नुलाई उनले अर्थतन्त्रका चुनौतीको रुपमा अर्थ्याइन्। सरकारले विभिन्न क्षेत्रको लागि प्रदान गरेको अनुदानले सोचेजस्तो उत्पादकत्व नबढाएको पनि उनको भनाइ थियो। अहिले राष्ट्र बैंकमाथि ब्याजदर घटाउनुपर्ने चुनौति रहेको पनि उनले स्वीकारिन्। कार्यशालाको अध्यक्षता गरेका पोखरा उद्योग वाणिज्य संघका अध्यक्ष पवनकुमार प्रजापतिले कर्जामा ब्याजदर घटेमात्र व्यवसायीहरुमा उत्साह थपिने र लगानीको वातावरण बन्ने बताए। उनले मौद्रिक नीतिले निजी क्षेत्रमा आशाको संचार गराउन नसकेको बताए।

लेखनाथ उद्योग वाणिज्य संघका अध्यक्ष छत्रधर आत्रेयले राज्यले तलब खुवाउन ऋण खोजेजस्तै व्यवसायीहरु पनि अहिले चालु खर्च धान्न थप ऋण लिनुपर्ने अवस्थामा रहेको बताए। पोखरा उद्योग वाणिज्य संघका पूर्वउपाध्यक्ष माइकल कर्माचार्यले मुद्रास्फितिको कारण व्यवसायीहरु नै पलायनको अवस्थामा पुगेको जिकिर गरे। पोउवा संघका कार्यसमिति सदस्य बालकृष्ण कोइरालाले नेपालका ठूला परियोजनाका विदेशी ठेकेदारले डलरमा भुक्तानी लिने तर नेपाली साना ठेकेदारलाई भुक्तानी नदिएको गुनासो गरे। होटल संघ पोखराका कोषाध्यक्ष रमेश पौडेलले सरकारले लगानीका प्राथमिकताका क्षेत्रहरुको पुनः वर्गीकरण गर्नुपर्ने माग गरे। उनले सहुलियतपूर्ण कर्जा यो वा त्यो बहानामा बैंक संचालकहरुले नै लिएको जिकिर पनि गरे।

सिए सागर लामिछानेले दीर्घकालीन नीतिकै अभावमा राज्यको अर्थतन्त्र संकुचनमा परेको बताए। व्यवसायी श्रमिक जिसीले डिजिटल मार्केटिङको लागि डलर प्राप्तिको थप व्यवस्था हुनुपर्ने माग गरिन्। अडान गण्डकीका अध्यक्ष पदमबन्धु पोखरेलको अध्यक्षतामा भएको उद्घाटन सत्रको संचालने संचालन सचिव पदमबहादुर जिसीले गरेका थिए भने केन्द्रीय सदस्य केशबहादुर केसी, कास्की अध्यक्ष कमलबहादुर रेग्मीलगायतले पनि सो अवसरमा मन्तव्य राखेका थिए।

# मंसिर तेस्रो साता व्यापार मेला आयोजना गर्दै पोउवा संघ

**पोखरापत्र संवाददाता**
पोखरा, १८ साउन

पोखरा उद्योग वाणिज्य संघले आउँदो मंसिर २१ देखि पुस १ गतेसम्म राष्ट्रिय औद्योगिक व्यापार मेला २०८० को आयोजना गर्ने भएको छ।

पोखरा ९, नयाँबजारमा रहेको प्रदर्शनी केन्द्रमा मेला आयोजना हुनेछ। संघले बिहीबार पत्रकार सम्मेलनको आयोजना गरी मेलाको मिति घोषणा गरेको हो। अध्यक्ष पवनकुमार प्रजापतिले यसअघिको जस्तै मेला पोखरा र र सम्पूर्ण राष्ट्रको औद्योगिक, कृषिजन्य, हस्तकलाका उत्पादन, सूचना प्रविधि, शिक्षा, स्वास्थ्य,पर्यटनलगायत कृषिजन्य उत्पादनहरुलाई प्रवर्द्धन तथा बजारीकरणमा समेत सघाउ पुऱ्याउने उद्धेश्यमा समर्पित रहेन बताए।

उद्योग ब्यवसायको प्रवर्द्धन भन्ने नारासहित आयोजना हुने मेलाले गण्डकी प्रदेशको व्यवसाय बिस्तारको संभावनाको खोजी तथा पर्यटकीय सम्भावना उजागर गर्ने उनले बताए। पछिल्लो समय पोखरा अन्तर्राष्ट्रिय सहरको रुपमा विकसित भएको बताउँदै उनले मेलाको स्वरुप परिमार्जन गरी सहर सुहाउँदो बनाइने उनको भनाइ थियो।

संघले गएको मंसिर १६ देखि २५ गतेसम्म आयोजना गरेको 'समृद्धि स्टिलूस राष्ट्रिय औद्योगिक व्यापार मेलाबाट १३ लाख ४० हजार ६२६ रुपैयाँ बचत भएको जनाएको छ।

विभिन्न शीषर्कबाट १ करोड २० लाख ३१ हजार ५८६ रुपैयाँ आम्दानी हुँदा १ करोड ५ लाख ९० हजार ९६० रुपैयाँ खर्च भएको अध्यक्ष प्रजापतिले बताए। मेला आयोजनाबाट बचत भएको रकम उद्यमशीलता प्रवर्द्धन गर्न तथा व्यवसायीहरुको क्षमता अभिवृद्धिको लागि खर्च गरिने संघका वाणिज्य उपाध्यक्ष उत्तममान बुद्धाचार्यले जानकारी दिए। महासचिव बलराम आचार्यका अनुसार संघले स्थापनाकालदेखि नै सामाजिक उत्तरदायित्वअन्तर्गत पोखराको शिक्षा,स्वास्थ्य र पर्यटन र कृषि क्षेत्रको विकासमा गर्दै आएको योगदानलाई पनि निरन्तरता दिनेछ।

# राजस्व लक्ष्य भेट्न इमान्दार भएर काम गर्न आवश्यक छ : अर्थमन्त्री डा महत

**रासस**
काठमाडौं, १८ साउन

अर्थमन्त्री डा प्रकाशशरण महतले सबैले इमान्दार भएर काम गरे राजस्वले लक्ष्य भेट्ने बताउनुभएको छ।

बिहीबार सुक्खा बन्दरगाह वीरगञ्ज र वीरगञ्ज भन्सार कार्यालयको निरीक्षणका क्रममा उहाँले भन्सारमा हुने दुरूपयोगलाई कर्मचारीले गम्भीरतापूर्वक लिनसके र सबै इमान्दार भइदिए सजिलै लक्ष्यमा पुग्न सकिने बताउनुभयो। मन्त्री डा महतले आयात र माग नहुँदा भन्सार शुल्क नउठ्नु स्वाभाविक भएको र त्यसमा राजस्व नउठ्नुमा कर्मचारीको नियन्त्रण बाहिरको कुरा भएको बताउनुभयो। तर बजारमा प्रशस्त मालवस्तु हुँदा पनि राजस्व घटिरहेको छ भने त्यो अवस्थामा प्रश्न गर्न सकिने उहाँको भनाइ थियो। "हामीले यथेष्ट काम गरेनौं, हामी जिम्मेवार भएनौं, हामीले आँखा चिम्ल्यौं अथवा हामीले सार्वजनिकभन्दा निजी फाइदालाई महत्त्व दियौं भने राजस्व कम उठ्छ", उहाँले भन्नुभयो।

जायज कुरालाई नजायज बनाउन थालियो, सार्वजनिकभन्दा निजी फाइदालाई माथि राख्न थालियो भने निश्चितरूपमा व्यवसायीले अर्को बाटो रोज्ने उहाँको भनाइ थियो। "राजस्व सङ्कलनमा भन्सार र सुरक्षा निकायको महत्त्वपूर्ण भूमिका हुन्छ। भन्सार नाकाभन्दा बाहिरबाट मालवस्तु आयात भयो भने त्यसलाई सुरक्षा निकायले हेर्नुपर्छ", मन्त्री महतले भन्नुभयो, । सुक्खा बन्दरगाहमा ठूलो मेसिन आए पनि उपयोगमा आउन नसकेको उल्लेख गर्दै उहाँले भन्नुभयो, "उपयोगमा किन आएन कसैलाई थाहा छैन, अरुले सहयोग नै गर्न चाहेनन्। यो प्रयोगमा आयो भने निजीलाई फाइदा पुग्दैन भन्ने सुनियो, प्रविधि भनेको कामलाई सहजीकरण गर्ने हो, जाँचपास विधिलाई सहज बनाउने हो, त्यसलाई ग्रहण गर्नुपर्छ, त्यसलाई अपग्रेड गर्न स्रोतको कमी हुँदैन, तर तपाईंहरूले सहयोग गर्नुपर्छ।" आफू फाइदा उठाउन नभई काम गर्न आएको, फाइदा मलाई सरकारले दिएको छ भन्ने कुरा मनन गरेमा भने राजस्वले लक्ष्य भेट्ने उहाँको जिकिर थियो।


राजस्वको लक्ष्य के छ ? गत वर्ष कस्तो प्रगति भयो, के कारणले लक्ष्य प्राप्त गर्न सकिएन ? कार्यालयको योजना के छ ? यसको समाधान गर्ने बाटो के हुनसक्छ ? मन्त्रालयसँग के अपेक्षा छ ? भन्ने कुरामा सबै स्पष्ट रहेको मन्त्री डा महतले प्रष्ट पार्नुभयो।


## कपालको उपचार

### कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

## प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरुको मात्र उपचार भइरहेको छ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने।
» मुख बाङ्गो भएको।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको।
» हिँड्न नसक्ने, खुट्टा हात लुलो भएको।

सम्पर्कः
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

## के तपाईमा यौनसम्बन्धी समस्या छ

**पुरुषमा देखिने:** शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि।

**महिलाहरूमा देखिने:** स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि।

**सुन्दरता :** अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु।

**मलद्वार सम्वन्धी रोग :** छारसुत्रद्धार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरूषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

**जाँच्ने समय:** प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

## सुक्तिसुधा

गरिबी अपराधको जन्मदाता हो । - मार्कस औरिलिअस्

## सम्पादकीय

# सिआइवीलाई अनुसन्धान गर्न देऊ

बाहिर भ्रष्टाचारको विरुद्ध जेहाद छोडेको प्रचार गर्ने भित्र प्रहरीलाई अनुसन्धानमा नराख्ने दोहोरो चरित्र प्रदर्शन भएको छ । काङ्ग्रेस र एमालेका व्यक्तिको संलग्नता देखिँदा प्रहरीलाई सक्रिय बनाउने प्रधानमन्त्री पुष्प कमल दाहाल प्रचण्ड र गृहमन्त्री नारायण काजी श्रेष्ठ माओवादी नेताहरूको संलग्नता देखिँदा प्रहरीलाई अनुसन्धानमा राख्न नहुने तर्क गरिरहेका छन।प्रहरीको सिआइवीलाई अनुसन्धान बाहिर राखेर गरिने अनुसन्धान भरिया समातेर मालिक जोगाउने हो । प्रधानमन्त्री प्रचण्डको पिए भएका राजश्व अनुसन्धानका महानिर्देशकले गर्ने अनुसन्धान प्रहरीको सिआइवीले भन्दा राम्रो गर्छ भन्ने प्रधानमन्त्रीको भनाइले धेरै कुरा छर्लङ्ग भएको छ।संसदमा विपक्षीले उच्चस्तरीय छानबिन समिति बनाउनुपर्छ भन्ने माग सुन्न सरकार तयार नहुनु भनेको आफ्नालाई जोगाउने नियत देखिन्छ ।

सुन तस्करी संगठित अपराध, राजश्व छलि,आतंककारीमा संलग्नहरुको धन हुन सक्छ।अन्तर्राष्ट्रिय रुपमा नेपालको छवि विगार्ने काममा संलग्नको खोजी अनुसन्धानमा पोख्त व्यावसायिक प्रहरी नै हो । राजनीतिक हस्तक्षेप हुन नदिने हो भने राम्रो अनुसन्धान गर्न प्रहरीको सिआइवी सक्षम छ भन्ने विभिन्न अनुसन्धानले देखाएको छ।प्रधानमन्त्रीले गृहमन्त्रीको कुरा नसुनी सबै काम आफुले भने अनुसार होस भन्ने कुराले निष्पक्ष हुन्छ भन्न सकिदैन । त्रिभुवन विमानस्थलबाट सुरक्षा घेरा पार गर्दै सुन तस्करी हँदै आएको छ । गृह र अर्थ मन्त्रालयका विभिन्न संयन्त्र छन त्रिभुवन विमानस्थलमा । दुवै मन्त्रालय अन्तर्गत पर्ने सुरक्षा जाँच घेरा छलेर ठूला मात्रामा सुन तस्करी हुनु नेपालको बेइज्जती हो । सुन तस्करी प्रकरणमा उच्चस्तरीय छानबिन समिति गठन गर्नुपर्ने माग गर्दै प्रमुख प्रतिपक्षी नेकपा एमालेले शुरुका दुई बैठकमा अवरोध जनाएको छ।

सरकारले छानबिन समिति बनाउन तयार नभएकाले उल्टै सूचना टाँसेर सदन स्थगित गराएको छ। बैठकमा एमाले सांसदहरुले सुन प्रकरणमा सरकारका मन्त्रीहरु नै सामेल भएको आरोप लगाउँदै उच्चस्तरीय छानबिन समिति गठनका लागि रुलिङ गर्न माग गरेका थिए । तर, सभामुखले शुन्य समयको कारवाही अघि बढाउन खोजेपछि एमाले सांसदहरुले वेल घेराउ गर्दै नाराबाजीमा उत्रिए । एमाले अध्यक्ष केपी शर्मा ओलीले सुन तस्करी बारे एमालेले सरकारको जवाफ माग्ने बताउँदै आएका हुन।काङ्गेसको केन्द्रीय समितिको बैठकमा प्रतिपक्षी एमाले आक्रमक रहेको विश्लेषण सुनाएका थिए ।संसदको बैठक शुरु हुने दिनमा सरकारले नै सबै विवरण सुनाउनु पर्ने हो ।अरुलाई नैतिकताको पाठ सिकाउने गृहमन्त्री नारायण काजी श्रेष्ठको अनुतरदायि अभिव्यक्तिले गर्दा विपक्षीलाई आक्रामक बनाएको हो ।

एमाले सांसदहरूको अवरोधपछि सभामुख देवराज घिमिरेले साउन १५ गते दिउँसो १ बजेसम्मका लागि बैठक स्थगित गरेको घोषणा गरे। १६ गतेको बैठकमा सरकार छानबिन समिति बनाउन तयार नभइ सदन स्थगन गराउन पुग्यो । प्रतिनिधिसभा बैठकमा एमालेले अवैधरुपमा सुन आयात हुँदा गृहमन्त्री नारायणकाजी श्रेष्ठ मूकदर्शक भएको भन्दै सुन काण्डको नैतिक जिम्मेवारी लिनुपर्ने माग उठाएको हो । तस्करका लागि नेपाल लुटको स्वर्ग भइरहेको छ। आज जे हामी सुनिरहेका छौं त्यो सामान्य विषय होइन। यसअघि २०७४ माघको ९ गते ३३ किलो सुन नेपालमा भित्रिएको थियो ।

त्यसमा खोजी भएन।पछि सरकारले ३३ किलो सुन तस्करीको जालो तोड्ने प्रयास गरेको थियो । त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको भन्सार छलेर अवैधरूपमा नेपाल भित्रिएको १०० किलो बढि परिमाणको सुन राजस्व अनुसन्धान विभागले सिनामंगलबाट बरामद गरेको थियो । रेडी ट्रेडर्सका नाममा हङकङबाट आयात भएको दुई पाङ्ग्रे सवारीको पार्टस् ९ब्रेक सु० भित्र लुकाएर ल्याइएको सुन त्रिभुवन विमानस्थल बाहिर बरामद भएको हो। उक्त सुन त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको सुरक्षा प्रणाली र भन्सार छलेर कसरी बाहिर आइपुग्यो भन्नेबारे पनि राजस्व अनुसन्धान विभागले अध्ययन गरिरहेको छ। पक्राउ परेका मध्ये केही माओवादी नेतासँग हिमचिम भएका छन ।

जो जो संलग्नता देखिन्छ उनिहरुलाई बयान सम्म नगराउनु यसलाई सरकारले गम्भीरतापूर्वक लिएको छैन भन्ने देखाउँछ । सोही प्रकरणमा संलग्न भएको आरोपमा हालसम्म १६ जना पक्राउ परिसकेका छन् । सरकारले यसबारे सदनलाई जानकारी नगराई बाहिर सस्तो प्रचार गर्ने बानीले सत्ता गठबन्धनलाई अप्ठ्यारोमा पारेको छ। यसलाई प्रधानमन्त्रीका पिए डिजी भएको राजश्व अनुसन्धानले छानबिन गरे पुग्छ भनेर राजनीतिक आग्रह राखेको आभास हुन्छ। जुन नेपालका लागि दुर्भाग्य हो ।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : कार्यमा सफलता | तुला | : मानसिक तनाब |
| वृष | : मन चञ्चल | वृश्चिक | : शारीरिक झमेला |
| मिथुन | : सहयोग मिल्नेछ | धनु | : ब्यापारमा लाभ |
| कर्कट | : सत्कार मिल्नेछ | मकर | : अप्रत्यसित लाभ |
| सिंह | : सम्मान मिल्नेछ | कुम्भ | : शत्रुको भय |
| कन्या | : आर्थिक समस्या | मीन | : झमेला बढ्ने |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा–१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# छोरीलाई विष खुवाइ हत्या गरेको आरोपमा तीन वर्ष कैद

**पोखरापत्र संवाददाता**
दमौली, १८ साउन

तनहुँ जिल्ला अदालतले छोरीलाई विष खुवाइ हत्या गरेको अभियोगमा एक अभियुक्तलाई तीन वर्ष कैद फैसला सुनाएको छ।

अदालतले पोखरा महानगरपालिका-२४ कास्कीकोटकी २९ वर्षीया सुष्मा विकलाई तीन वर्ष कैद र रु ३० हजार जरिवाना सजायको फैसला सुनाएको हो । जिल्ला न्यायाधीश हरिश्चन्द्र ढुङ्गानाको बुधबारको इजलासले उक्त फैसला गरेको जिल्ला अदालतका इजलास अधिकृत कृष्ण गौतमले जानकारी दिनुभयो । सुष्माले विसं २०७७ माघ १९ गते दिउँसो तनहुँको आँबुखैरेनी गाउँपालिका-२ खानीखोलास्थित न्यू लिगलिग प्यालेस एण्ड लजमा बास बस्ने क्रममा छोरीलाई विष खुवाएर आफूले समेत विष सेवन गरेको अवस्थामा होटल सञ्चालकले भेटी तत्कालै उपचारका लागि चितवनको भरतपुरस्थित पुरानो मेडिकल कलेजमा लगेका थिए । उक्त घटनामा छोरी कुसुम विकको सोही दिन मृत्यु भएको थियो । सुष्माको भने उपचारपश्चात् निको भएको थियो । सो घटनामा आरोपितका पति मनोज विकले विसं २०७७ माघ २५ गते सुष्माको विरुद्ध जाहेरी दिएका थिए। घटना हुँदा मनोज वैदेशिक रोजगारीको क्रममा मलेसियामा रहेका थिए । सुष्मालाई प्रहरीले विसं २०७८ साउन ३० गते पक्राउ गरेको थियो । उनी विरुद्धमा जिल्ला सरकारी वकिल कार्यालयले विसं २०७८ भदौ १६ गते जिल्ला अदालतमा कर्तव्य ज्यानसम्बन्धी मुद्दा दर्ता भएको थियो । सुष्मा सोही भदौ १८ गतेदेखि तनहुँ जिल्ला कारागारमा पुर्पक्षका लागि थुनामा थिइन् ।

# नेपालले पहिलोपटक विश्व साइक्लिङमा भाग लिँदै

**रासस**
काठमाडौं, १८ साउन

नेपाल पहिलोपटक विश्व साइक्लिङ च्याम्पियनसीपमा सहभागी हुँदैछ । यही साउन १७ देखि २८ गतेसम्म स्कटल्यान्डको ग्लास्गोमा हुने प्रतियोगितामा समान एक-एक पुरुष/महिला खेलाडीले नेपालको चुनौती प्रस्तुत गर्नेछन् ।

पुरुषमा सुरज रानामगर तथा महिलामा उषा खनालले एउटै स्पर्धा एमटिबी क्रस कन्ट्रीमा प्रतिस्पर्धा गर्नेछन् । दुवै खेलाडी १९औँ एसियाली खेलकुदका लागि छनोट भएका खेलाडी हुन् । उषाले १३औँ दक्षिण एसियाली खेलकुदमा एमटिबी क्रस कन्ट्रीमै रजत जितेकी थिइन् । यसैगरी टोली व्यवस्थापकमा नेपाल साइक्लिङ सङ्घका महासचिव रञ्जन राजभण्डारी रहेका छन् । टोली आइतबार स्कटल्यान्ड प्रस्थान गर्नेछ ।

सहभागी टोलीलाई राष्ट्रिय खेलकुद परिषद्का सदस्यसचिव टङ्कलाल घिसिङले बिहीबार यहाँ आयोजित कार्यक्रममा सफलताको शुभकामना दिँदै बिदाइ गर्नुभयो ।


## एउटै व्यक्ति भएको सूचना



कास्की जिल्ला, पोखरा महानगरपालिका वडा नं. १६ निवासी भारतीय भू.पू.सै.नं. ५२४०२२७ का नायक नर बहादुर गुरुङकी श्रीमतीको नेपाली नागरिकता प्रमाणपत्रमा नामथर नन्द कुमारी गुरुङ र जन्ममिति २००७/१०/१५ गते भएको र पतिको भारतीय सैनिक अभिलेखमा कुनै कागजातमा नाम थर नन्द कुमारी भएको र कुनै कागजातमा सिरी नन्द गुरुङ जन्ममिति इ.सं. १९५१ भएकोले उल्लेखित फरक फरक नामथर र जन्ममिति भएको व्यक्ति एउटै भएको व्यहोरा सिफारिस साथ अनुरोध छ भनी कास्की जिल्ला पोखरा महानगरपालिका, १६ नं. वडा कार्यालयको च.नं. २३० मिति २०८०/०४/०९ को सिफारिस पत्रबाट लेखी आएकोले पेन्सन प्रयोजनका लागि नियमानुसार हुन अनुरोध छ ।



गण्डकी प्रदेश सरकार
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
**पर्यटन,उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय**
**पर्यटन तथा उद्योग कार्यालय, कास्की**

## फर्म बन्द सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

प्रथम पटक प्रकाशित सूचना २०८०/०४/१८

यस कार्यालयबाट मिति २०६८/०८/१६ मा कास्की जिल्ला पोखरा-३ कास्कीमा संचालन गर्ने गरी हा. फर्साटिकर-२ रुपन्देही निवासी प्रमोद वानियाको नाममा दर्ता भएको फर्म दर्ता नं. ८०८९/०६८/०६९ को कृपा माडा उद्योग नामक फर्मको प्रोप्राईटरले फर्म संचालन गर्न नसक्ने भएकाले मिति २०८०/०४/१८ मा फर्म बन्द गरीपाउँ भनी आवश्यक कागजात सहित रितपूर्वक निवेदन दिनुभएको हुँदा यो ३५ दिने फर्म बन्द सम्बन्धी सार्वजनिक सूचना प्रकाशित गरिएको छ। यदि सो उद्योगमा अरु कसैको हकदावी एवं कुनै पनि प्रकारको सामाजिक दायित्वहरु तथा लेनदेन भएमा सवुत प्रमाण सहित यो सूचना प्रकाशन भएको मितिले ३५ दिनभित्र यस कार्यालयमा लिखित उजुरी दिनुहुन अनुरोध गरिन्छ । म्यादभित्र लिखित उजुरी नपरेमा उक्त उद्योग नियमानुसार खारेज भई जाने हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

**पर्यटन तथा उद्योग कार्यालय**
**कास्की**




पातले छाँगो अवलोकन गर्दै पर्यटकः
कास्कीको पोखरास्थित पर्यटकीयस्थल डेभिजफल्स (पातले छाँगो) अवलोकन गर्दै पर्यटक ।
तस्बिरः ऋषिराम बराल रासस

# सामुदायिक विद्यालयका विद्यार्थी लिन घर-घरमै गाडी

**पोखरापत्र संवाददाता**
बागलुङ, १८ साउन

बागलुङको गलकोट क्षेत्रबाट दिनदिनै विदेश जानेको सङ्ख्या बढ्दो छ। युवा जनशक्ति विदेश पलायन भएपछि यहाँका ग्रामीण क्षेत्र सुनसान बन्दै गएका छन् ।

खेतीयोग्य जमिन वनमाराले ढाकिन थालेका छन् भने विद्यालय रित्तिदै गएका छन् । सुनसान गाउँका विद्यालयमा रित्तिन थालेपछि गलकोट नगरपालिकाले विद्यालय समायोजन तथा तह मिलान गरिरहेको छ। हाँस्दै, खेल्दै र रमाउँदै नजिकको विद्यालय जाने बालबालिका अहिले टाढा जान बाध्य भएका छन् ।

तह मिलान र विद्यालय समायोजनपछि नगरपालिकाले विद्यार्थीलाई यातायातको सुविधा दिएको छ । यातायातको सुविधा पाएपछि आजाभोलि विद्यार्थी लिन गाडी घर-घरमा पुग्छन् । गाडी आफूलाई घरमै लिन आएपछि विद्यार्थी पनि उत्साहित भएका छन् । दैनिक घण्टौं लगाएर विद्यालय पुग्ने विद्यार्थी अहिले छोटो समयमा नै पुग्छन् भने समयमै घरमा फर्किने गरेका छन् । गलकोट नगरपालिकाको सबैभन्दा टाढाको बस्ती झिर्का र टोकरी गाउँ हुन् । यी गाउँबाट आधारभूत र माध्यमिक तह अध्ययन गर्न जनहित माध्यमिक विद्यालय मल्लमा झनुपर्थ्यो ।

विद्यालय झर्दा ओरालो पर्ने हुँदा एकै घण्टामा पुग्ने गरे पनि घर फर्किंदा दुई घण्टा बढी लाग्थ्यो । अहिले नगरपालिकाले पिकअप जीपमा विद्यार्थी ओसारपसार गर्न थालेपछि समयमै घरमा पुग्न थालेका छन् । हिउँदमा भन्दा बर्खाको समयमा बढी समस्या भोगेको जनहित माध्यमिक विद्यालयमा कक्षा १२ मा अध्ययनरत विद्यार्थी निकिता थापाले बताउनुभयो । थापाले ११ कक्षा पढ्नसम्म पढ्दासम्म निकै समस्या भोगेको सुनाउँदै केही दिनदेखि गाडी घरमै लिन आउने गरेको बताउनुभयो ।

"बिहान ८ नबज्दै स्कुल हिँड्नुपर्थ्यो, ४ बजे बिदा भएर घरमा आउँदा झमक्कै रात परिसक्थ्यो, अझ बर्खाको समयमा रुझ्दै भिज्दै हिँड्नुपर्थ्यो, अहिले त जति पानी परे पनि समस्या हुँदैन", थापाले भन्नुभयो, "घरमा आएर समयमै गृहकार्य गर्न पाइन्छ, बिहान स्कुल जान हतार गर्नु पनि पर्दैन, सानासाना भाइबहिनी पनि गाडी आउन थालेपछि स्कुल जान खोज्छन्, रमाइलो पनि हुन्छ, सजिलो पनि भएको छ, अब घर पुग्दा रात पर्ने चिन्ता, स्कुल जाँदा ढिलो होला भन्ने पीर हरायो ।" नगरपालिकाले टाढाका विद्यार्थीलाई यातायातको सुविधा दिएपछि बालबालिकामा विद्यालय जाने रुचि बढेको स्थानीय विष्णु थापाले बताउनुभयो । उहाँले गाडी सञ्चालनमा आउनुपूर्व बिहान विद्यालय पुर्‍याउन जाने र साँझ ल्याउन जाँदा आफ्नो काम धन्दा छुट्ने गरेको भन्दै अहिले गाडीले लैजाने र ल्याइ दिने भएपछि धेरै सहज भएको बताउनुभयो । आफ्नो छोराछोरीले घर नजिकैको विद्यालयमा पढ्दै आएकोमा यस वर्षदेखि तह मिलानका कारण टाढाको विद्यालय जानुपर्नेस्थित आएको उहाँको भनाइ छ । टाढा जान परे पनि गाडी सुविधाले कुनै समस्या नहुने उहाँ बताउनुहुन्छ ।

"पहिला छोराछोरीलाई एक्लै स्कुल पठाउन डर लाग्थ्यो, अप्ठेरो बाटो कतै लडेकी, चोटपटक लगाएकी भन्ने डर हुन्थ्यो, बिहान लैजान र साँझ ल्याउन जानुपर्ने बाध्यता थियो, अहिले बिहान सरसफाइ गरेर खाना दिएपछि गाडी ल्याउन आउँछ, साँझ आफैँले ल्याई दिने हुँदा ढुक्क भएका छौँ", उहाँले भन्नुभयो, "नगरपालिकाले दुर्गम गाउँका बालबालिकाका लागि ठूलो काम गर्‍यो, यहाँका बालबालिकाको समस्या बुझेकोमा धन्यवाद दिनुपर्छ, केटाकेटीको पढाइ पनि राम्रो हुनेछ अब ।" गलकोट नगरपालिकाले यस वर्ष पाँच वटा विद्यालय तह मिलान र छ वटा विद्यालय समायोजन गरेको छ । तह मिलान तथा विद्यालय समायोजन कार्यविधि २०७९ नगर सभाबाट पारित गरेर कार्यान्वयन गर्न थालेको गलकोट नगरपालिकाका प्रवक्ता हिमबहादुर भण्डारी (हेमन्त)ले जानकारी दिनुभयो । गलकोट भौगोलिक हिसाबले छरिएको र बसाइँसराइ तथा विदेश जानेको सङ्ख्या बढेपछि विद्यालयमा विद्यार्थी सङ्ख्या कम हुँदा तह मिलान तथा विद्यालय समायोजन गरेको उहाँको भनाइ छ । वडा नम्बर ७ स्थित मल्मको देउराली आधारभूत विद्यालय, नेटा आधारभूत विद्यालयलगायतका विद्यालयको तह मिलान गर्दा दूरीले टाढा पर्ने विद्यार्थीलाई यातायात सुविधा दिएको उहाँको भनाइ छ । विद्यार्थीलाई यातायातको सुविधा दिनका लागि नगरपालिकाले चालु आर्थिक वर्षमा रु १० लाख विनियोजन गरेको प्रवक्ता भण्डारीले बताउनुभयो ।

भण्डारीले भन्नुभयो, "यस वर्षदेखि टाढाका विद्यार्थीलाई गाडी उपलब्ध गराएका छौँ, हरेक दिन गाडी विद्यार्थीको घरमै लिन जान्छ, दूरीका आधारमा यातायात सुविधा उपलब्ध गराउने निर्णयलाई कार्यान्वयन गर्ने पहिलो चरणमा छौँ, अहिलेसम्म बाहिरबाट पनि राम्रो 'फिटब्याक' पाइरहेका छौँ, आगामी वर्षदेखि अझै प्रभावकारी बनाउने योजना छ ।" नतिजा सुधारका लागि यस वर्षदेखि कक्षा ८ र १० को अर्धवार्षिक परीक्षासमेत नगरपालिकाले लिने उहाँले बताउनुभयो । शिक्षिका सुत्केरी बिदामा भएको बेला सट्टा शिक्षक राख्ने कार्यक्रमसमेत नगरपालिकाले ल्याएको सुनाउँदै, हरेक वर्ष गलकोट शिक्षा क्षेत्रमा ठूलो लगानी गर्दै आएको बताउनुहुन्छ ।

# बढ्दै छ गलैँचा, कार्पेट, यार्चागुम्बादेखि अम्रिसो निर्यात

**रासस**
काठमाडौं, १८ साउन

गत आर्थिक वर्षमा नेपालको व्यापार घाटा साढे रु १४ अर्बभन्दा बढी छ । अर्थात् मुलुकमा निर्यातभन्दा आयातको मात्रा निकै ठूलो छ। व्यापार घाटा कम गर्नका लागि निर्यात बढाउनुको विकल्प छैन। सरकारले व्यवस्थित तवरले निर्यातजन्य वस्तु तथा सेवा उत्पादन र बिस्तार गर्न सके उल्लेख्य मात्रामा विदेशी मुद्रा आर्जन गर्दै व्यापार घाटा कम गर्न सकिन्छ।

यद्यपि नेपालले केही यस्तो वस्तुहरु छन् जसको निर्यातबाट राम्रो आम्दानी गरिरहेको छ । जसमध्ये गलैंचा, अलैंची, अम्रिसो, कुकुर तथा बिरालाको खाना, यार्सागुम्बा पनि पर्छन् । जसको निर्यातबाट गत आवमा मुलुकले रु २४ अर्बभन्दा बढी आम्दानी गरेको छ । भन्सार विभागको तथ्याङ्कानुसार पछिल्लो पाँच वर्षमा नेपालबाट रु ४१ अर्ब बढीको कार्पेट (गलैंचा) निर्यात भएको छ। गत आवमा २०७९/८० मा रु एक ११ अर्ब ५० करोड ६६ लाख २३ हजारको गलैंचा निर्यात भएको विभागको भनाइ छ। यहाँ उत्पादन हुने गलैंचा अमेरिका, जर्मनी, बेलायतलगायतका मुलुकमा निर्यात हुन्छ। ऊन तथा जनावरका रौबाट बनेका यस्ता गलैंचाको माग विशेष गरी अमेरिका तथा यूरोप नै हो । गत आवमा अमेरिकामा मात्रै रु सात अर्ब १८ करोड २५ लाख ६७ हजार बराबरको गलैंचा निर्यात भएको छ। साथै जर्मनीमा रु ८८ करोड ७० लाख २२ हजार, बेलायतमा रु ७८ करोड ७५ लाख ७६ हजार, इटलीमा रु ६१ करोड ४६ लाख ६२ हजार मूल्य बराबरको गलैंचा निर्यात भएको छ। साथै गत आवमा फ्रान्समा रु ३४ करोड २५ लाख ९२ हजार बराबरको गलैंचा निर्यात भएको छ । भन्सार विभागका अनुसार अघिल्लो आवमा कूल रु नौ अर्ब ५६ करोड ७७ लाख ३० हजार मूल्य बराबरको गलैंचा निर्यात भएको छ । त्यस्तै आव २०७७/७८ मा रु सात अर्ब २४ करोड ४० लाख ५० हजार, आव २०७६/७७ मा रु छ अर्ब १५ करोड ७७ लाख छ हजारको तथा आव २०७५/७६मा रु सात अर्ब ३६ करोड ९६ लाख ९५ हजारको गलैंचा विभिन्न देशमा निर्यात भएको छ।

